# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ३ संख्या : ६ साउन १७, २०८०**

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०४/१७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका अन्तर्गत उद्यम विकास कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त हुने बजेट मध्ये नयाँ लघुउद्यमी सिर्जना तर्फ विनियोजन भएको रकमको उद्यम विकास सहज कर्ता परिचालनको लागि २४ देखि ३३ प्रतिशतसम्म बजेट खर्च गर्न पाउने प्राव्धान रहेको र आ.व. २०८०/८१ को लागि उक्त शिर्षकमा बजेट घटेर आएको हुँदा उद्यम विकास शाखामा कार्यरत उद्यम विकास सहज कर्ता महेन्द्र परियारलाई विनियोजन भएको बजेटको मापदण्ड बमोजिमले हुने पारिश्रमिक मासिक रुपमा उपलब्ध गराउने गरि मिति २०८०/०४/०१ गते देखि नै निरन्तरता दिने निर्णय गरियो । |
| ३ | आ.व.२०७९/८० को कार्यसम्पादनमा ८०% अंक प्राप्त गरेका र आगामी आ.व.मा पनि सेवालाई निरन्तरता दिन चाहेर निवेदन पेश गरेका गुल्मीदरबार गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुसँग २०८० पौष मसान्तसम्मको लागि करार सम्झौता गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको उजुरी पेटिकामा परेका उजुरीको बारेमा जानकारी लिइयो । उक्त उजुरी फर्छ्यौटको प्रक्रिया अगाडी बढाउन निर्देशन दिइयो । |
| ५ | गाउँपालिकालाई आवश्यक १ जना हलुका सवारी चालक, गाउँपालिकालाई आवश्यक १ जना MBBS डाक्टर र जुभुङ्ग स्वास्थ्य चौकीमा रिक्त भएको. कार्यालय सहयोगी पदमा विज्ञापन गरि पदपूर्ति गर्ने । कामको चाप बढी भएको हुँदा वडा नं. ४ मा स.क.अ. डोर हाजिरीमा लगाइ कामकाज गराउने । वडा नं. १ मा गरिवसँग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालकलाई निजको कामको अलवा वडाको समेत कामकाज लगाउनको लागि निजले पाउने मासिक पारिश्रमिकमा रु.५०००।- थपगरि उपलब्ध गराउने । डोरहाजिरीमा कामकाज गरि रहेका वडा नं. ६ र ७ का कार्यालय सहयोगीलाई कार्यालय खुलेको दिनको दैनिक रु.५१७।- र वटा नं. २ को कार्यालय सहयोगीलाई कार्यालय खुलेको दिनको दैनिक रु.२००।- का दरले उपलब्ध गराउने गरि २०८० पौष मसान्तसम्मलाई निरन्तरता दिने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०७९/८० को वार्षिक समिक्षा मिति २०८०/०४/२१ गते आईतबारको दिन गर्ने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री राजिव पन्थी चीनमा हुने १४ दिनको दैविप्रकोप व्यवस्थापन तालिमका लागि छनौट हुनु भएकोमा हार्दिक बधाई दिंदै वहाँको बैदेशिक यात्राको सफलताको शुभकामना दिने निर्णय गरियो । |
| ८ | आ.व.२०७७/०७८ मा गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा निर्माण भएको बठवाखोला लिफ्ट खानेपानी योजनाको उपभोक्ता समितिसँग मिति २०७८/०१/१५ मा रु.३९५००००।-को योजना सम्झौता भइ काम सम्पन्न भएको भनि मिति २०७८/०३/३० मा सम्झौता बमोजिमका बील, भरपाई, प्राविधिक मूल्याङ्कन वडाको सफारिस सहित कागजात पेश भएकोमा रकम भुक्तानीको टिप्पणी उठाउँदा रु.३९५००००।-बाट नियमानुसारको करकट्टी गर्नु पर्नेमा भुलबस रु.३४७६२००।- बाट अग्रिम आयकर रु.५२१४३।- सामाजिक सुरक्षा कर रु. ८९४१०।- बहाल कर रु.रु.२५००।- र कन्टिन्जेन्सी रु. १०४२८६।- गरि जम्मा कट्टी रकम रु.२४८३३९।- कट्टा गरि बाँकी रकम रु.३२२७८६१।- बठवाखोला लिफट खानेपानी योजना को उपभोक्ता समितिको नाममा भुक्तानी भएको देखिन्छ । यसरी रु.३९५००००।- बाट रु.३४७६२००।- भुक्तानी हुँदा भुक्तानी हुन बाँकी रकम रु.४७३८००।- रहेको हुँदा आ.व.२०७८/०७९ मा उक्त रकम भुक्तानीको लागि बजेट विनियोजन समेत भएको |

| | |
|---|---|
| | ।आ.व.२०७८/०७९ मा उक्त योजनाको लागि रु.७०००००।- विनियोजना भइ मिति २०७८/११/०४ मा योजना सम्झौता भइ काम अगाडी बढेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाडौंको प.सं.४ स्थानीय २२९५/०७८/०७९ च.नं.३७३८९ मिति २०७९/०२/२४ गतेको आवश्यक कारबाही सम्बन्धमा भनि उजुरी पत्र प्राप्त भइ मिति २०७९/०३/१२ गते दर्ता भएको । मिति २०७८/११/०४ मा सम्झौता भएको रु.७०००००।- को काम सम्पन्न गरि मिति २०७९/०३/२५ मा सम्झौता बमोजिमका बील, भरपाई, प्राविधिक मूल्याङ्कन वडाको सफारिस सहित कागजात पेश भएकोमा अख्तियारमा उजुरी परि फर्छ्यौट नभएको हुँदा भुक्तानी रोकिएकोमा हाल उक्त उजुरीको आवश्यक कारबाही सम्बन्धीत निकायबाट हुने निर्देशन आएकोमा उक्त योजनाको काम नियमसंगत तवरले सम्पन्न भएको भनि छानविन समितिको प्रतिवेदन समेतका आधारमा आ.व.२०७७/०७८ मा भुक्तानी दिन बाँकी रकम रु.४७३८००।- र आ.व.२०७८/०७९ मा भुक्तानी दिन बाँकी रहेको रु.७०००००।-बाट नियमानुसार कन्टेन्जेन्सी, अग्रिम आयकर, सामाजिक सुरक्षा कर गरि जम्मा रु.३००९०।- कट्टा गरि बाँकी रु. ६१७७५५।- भुक्तानीको लागि मिति २०७९/०३/२५ मा टिप्पणी समेत स्वीकृत भएको हुँदा चालु आ.व.२०८०/०८१ मा बठवाखोला लिफ्ट खानेपानी शिर्षकमा विनियोजन भएको रकम रु. ११८८०००।- बाट भुक्तानी दिन बाँकी कुल रकम रु.१०९१५५५।- भुक्तानी दिने निर्णय गरियो । |
| ९ | आ.व.२०७९/८० मा खरिद भएका ७ वटा सोलार सडक बत्तीहरु मध्ये प्रत्येक वडामा वडा अध्यक्षको समन्वयमा १/१ वटा जडान गर्ने र चालु आ.व.मा २ वडा सोलार सडक बत्ती खरिद गरि १५ शैया आधारभूत अस्पतालमा १ वटा र उपल्लो हटियामा १ वटा जडान गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकामा आ.व.२०८०/८१ मा गाउँपालिकाबाट सञ्चालन हुने मोटर बाटो मर्मत संभार बाहेकका रु.१० लाख वा १० लाख भन्दा माथिका सम्पूर्ण योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत